भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

visit Nepal 2020 Lifetime Experiences

प.स. :- २०७६/०७७
च.न.:- ११२६

मिति:- २०७६/११/२२

श्री नगरपालिका स्थित कक्षा ८ सञ्चालन भएका सबै विद्यालयहरु ।

विषयः २०७६ सालको नगर स्तरीय (स्थानिय तह) आधारभुत तह कक्षा ८ अन्तिम परीक्षा सञ्चालन सम्बन्धमा ।

भजनी नगरपालिका आधारभुत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७६ फल्गुन १० गतेको निर्णयानुसार २०७६ सालको नगर स्तरीय परीक्षा (स्थानिय तह) आधारभुत तह कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन मिति २०७६/१२/०९ देखि संचालन गर्ने निर्णय भए अनुसार परीक्षा तालिका प्रकाशित गरिएकोमा शिक्षा मन्त्रालयको मिति २०७६/११/२० निर्देशनात्मक सुचना अनुसार चैत्रको ५ गते भित्र सम्पूर्ण परीक्षा गरिसक्ने निर्देशन भए अनुसार देहायबमोजिमंको संशोधित कार्यतालिका अनुसार सञ्चालन हुने व्यहोरा जानकारीको लागि अनुरोध छ । यसै अनुरुप अन्य कक्षाको परिक्षा पनि यस न.पा. स्थित सबै विद्यालयले संचालन गरिसक्ने जानकारी समेत गराईन्छ ।

२०७६/११/२२

लोक बहादुर सुनार
प्रमुख प्रशासकीय अधिकृत

१. परीक्षा सञ्चालन कार्यतालिका कक्षाः ८ समयः विहान ०८:०० देखि ११:०० बजे सम्म

| क्र.स. | मिति | बार | विषय |
|---|---|---|---|
| १. | २०७६/११/२८ | बुधबार | अंग्रेजी |
| २. | २०७६/११/२९ | विहीबार | नेपाली |
| ३. | २०७६/११/३० | शुक्रबार | सामाजिक अध्ययन र जनसंख्या शिक्षा |
| ४. | २०७६/१२/०१ | शनिबार | विज्ञान तथा वातावरण |
| ५. | २०७६/१२/०२ | आइतबार | पेशा, व्यवशाय र प्रविधि शिक्षा |
| ६. | २०७६/१२/०३ | सोमबार | कम्प्यूटर / ऐ. विषय |
| ७. | २०७६/१२/०४ | मंगलबार | गणित |
| ८. | २०७६/१२/०५ | बुधबार | स्वास्थ्य तथा शारीरिक शिक्षा + नैतिक शिक्षा |

२. दुईवटा विषयको परीक्षा एकै दिनमा सञ्चालन गर्ने दिन समयतालिकामा पहिले उल्लेख भएको विषयलाई पहिलो चरण र पछि उल्लेख भएको विषयको परीक्षालाई देस्रो चरणमा संचालन गर्नुपर्नेछ ।

३. परीक्षा तोकिएको मितिमा कुनै सार्वजनिक विदा पर्न गएमा पनि परीक्षा समितिको पूर्व सुचना विना परीक्षा स्थागित हुने छैन ।

४. विद्यालयले तोकिएको आवेदन फाराम र समष्टिगत फाराम भरेर २०७६/११/२५ गते र प्रयोगात्मक अंक फाराम भरी २०७६/१२/०१ गते भित्र शिक्षा शाखामा परीक्षा समितिलाई बुझाइ सक्नुपर्नेछ ।

५. आवेदन तथा समष्टिगत फाराम भर्दा भराउदा अनिवार्य रुपले पछिसम्म फरक नपर्ने गरी विद्यार्थीको जन्मदर्तामा उल्लेखित नाम, बाबु आमाको नाम र जन्म मिति लेख्नुपर्नेछ र जन्मदर्ताको छायाँ कपी संलाग्न गर्नुपर्नेछ । पछि आवेदन फाराम र मर्कसिटमा उल्लेखित विवरण सच्याउन पाइनेछैन ।